२०८२ साल, वर्ष ७, अंक १९ (बैशाख )

लाटोकोसेरो संरक्षण सबैका लागि

# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)





## यो अङ्कमा के के छ?


लाटोकोसेरोले मलाई यसरि धन्यवाद भन्यो !........................४

लाटोकोसेरो संरक्षण परियोजनासँगको मेरो अनुभव............६

लाटोकोसेरोका रमाइला जानकारीहरु !..............................८

गण्डकी प्रदेशमा लाटोकोसेरो संरक्षण परियोजना...............१०

लाटोकोसेरो बचाए चारधामको पुण्य मिल्छ !.....................११

नेपाल लाटोकोसेरो उत्सव, संरक्षण र संस्कृतिको संगम.......१३

हुकिचिल साँच्चै डर लाग्दो हो त?.....................................१७

अध्यारोमा बाँच्ने उज्यालो.................................................१९

अन्य खबरहरु..................................................................२०

अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सव तस्वीरमा.......................२१

क्यामेरा ट्र्यापमा देखिएको ‘मलाहा हुचिल’.......................२३

लाटोकोसेरो संरक्षणमा मेरो सृजनात्मक यात्रा....................२४

कृषकको हतियार, लाटोकोसेराको काल...........................२५




# हाम्रो भन्नु !



## लाटोकोसेरो उत्सव: पखेटाको आन्दोलन

नेपालमा लाटोकोसेरो (उल्लु) संरक्षण पछिल्ला केही वर्षयता उल्लेखनीय रूपमा अघि बढिरहेको छ। यद्यपि अझै पनि यस पक्षीप्रति समाजमा अनेक भ्रम, अन्धविश्वास र गलत धारणाहरू व्याप्त छन्। कतिपय स्थानमा यसलाई अशुभ मानिने, तन्त्र-मन्त्रमा प्रयोग गरिने, बासस्थान विनाश, विष प्रयोग तथा अवैध कारोबारका कारण यसको संख्या निरन्तर घट्दो छ।

यी चुनौतीहरूका बीच, लाटोकोसेरो उत्सवजस्ता सार्वजनिक कार्यक्रमहरूले संरक्षणको सन्देश फैलाउन महत्वपूर्ण भूमिका खेलेका छन्। हालै सम्पन्न १२औं नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव धनुषाधाम, जनकपुरमा विशेष उत्साहका साथ सम्पन्न भयो। दुई दिनसम्म चलेको यस उत्सवमा झन्डै ९ हजार जनाको सहभागिता हुनु आफैँमा प्रेरणादायक उपलब्धि हो।

धनुषा उत्सवले केवल लाटोकोसेरो संरक्षण मात्र होइन, स्थानीय संस्कृति र समुदायको सहभागितालाई पनि उजागर गर्‍यो। मिथिला क्षेत्रका परम्परागत नाचगान, लोपोन्मुख खेलहरू, रैथाने परिकारहरू, हस्तकला र स्थानीय ज्ञानले उत्सवलाई एक सांस्कृतिक पर्वमा परिणत गर्‍यो। लाटोकोसेरोको रोबोट, अस्थायी सङ्ग्रहालय, आठ प्रजातिका आवाज र भिडियोहरूजस्ता नवीन प्रस्तुतिहरूले जनचासो थप बढाएको थियो।

यो उत्सव अब केवल संरक्षण कार्यक्रममात्र रहेन - एक सामाजिक आन्दोलन बनेको छ। जहाँ ज्ञान, चेतना र समुदायको सक्रिय सहभागिता एउटै मञ्चमा मिसिन्छ। लाटोकोसेरोप्रति रहेको नकारात्मक सोचलाई परिवर्तन गर्दै, यस्ता उत्सवहरूले राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा पनि नेपाललाई जैविक विविधता संरक्षणको उदाहरणीय देशको रूपमा उभ्याउँदैछन्।

हामी आशा गर्छौं-भविष्यमा यस्ता प्रयासहरू अझ सशक्त रूपमा अघि बढ्नेछन्, र लाटोकोसेरोजस्तै अन्य प्राणीहरूको संरक्षणमा पनि समुदायको सक्रिय भूमिका अझ सशक्त हुनेछ।

# लाटोकोसेरोले मलाई यसरि धन्यवाद भन्यो !



**मदन सुवेदी**
**कृषि विज्ञान केन्द्र, घ्याल्चोक**
**गोरखा**

वि.सं. २०८१ साल माघ ३ गते, बिहीबार दिउँसो करिब २:४५ बजेको कुरा हो। त्यो दिन कार्यालयमा पानी नआएकाले म र कार्यालय सहयोगी अविरल भाइ ट्याङ्कीमा पानी हाल्न गएका थियौं।खानेपानी ट्याङ्कीभन्दा करिब ३० मिटर तल सिँचाइका लागि बनाइएको खुल्ला ट्याङ्कीमा अचानक अविरलले लाटोकोसेरो डुबिरहेको देखे। उनले मलाई खबर गरेपछि म तुरुन्तै गएँ। नजिक पुगेर हेर्दा लाटोकोसेरो आधा शरीर पानीमा डुबेको अवस्थामा जिउँदो थियो।

केही तस्बिर र भिडियो खिचेपछि म त्यसलाई सावधानीपूर्वक पानीबाट निकालें। लाटोकोसेरोको विशेष जानकारी नभएकाले मैले तत्काल राजु आचार्य सरलाई फोन गरेँ। सुरुमा मैले सोधेँ, के लाटोकोसेरो स्वाभाविक रूपमा पानीमा बस्ने चरा हो? उहाँले होइन भन्नु भयो र डुबेको हुनसक्ने बताउँदै, त्यसलाई न्यानो ठाउँमा राख्न र हेयर ड्रायर प्रयोग गरेर पखेटा सुकाउन सुझाउनु भयो।

अविरलले लाटोकोसेरो समाए र म मोटरसाइकल चलाएर कार्यालय ल्याएँ। बाटोमा लाटोकोसेरोको नङ्ग्राले कोतार्दा अविरलको हातमा चोट पनि लाग्यो। कार्यालयमा आएपछि मैले खिचेका तस्बिर र भिडियो राजु सरलाई पठाएँ। उहाँले यो वयस्क लाटोकोसेरो भएको जानकारी दिनुभयो।

त्यसपछि मैले हेयर ड्रायरको सहायताले उसको पखेटा सुकाएँ। चिसो पानीले कठ्याङ्ग्रिएको थियो, ऊ शान्त भएर बसिरहेको थियो। शरीर सुकेपछि उसले कोठाभित्रै अलिकति उड्न थाल्यो। त्यसपछि म उसलाई बाहिर घाममा लगेर राखेँ। करिब ५ मिनेट घाम तापेपछि लाटोकोसेरो नजिकैको जंगलतिर उड्यो।

केही दिनपछि राति कार्यालयको बकाइनोको रुखमा लाटोकोसेरो बसेको देखें। पहिले यो ठाउँमा देखिएको थिएन, त्यसैले मलाई लाग्यो, सायद त्यो उही उद्धार गरिएको लाटोकोसेरो हुन सक्छ। मलाई धन्यवाद भनेजस्तो लाग्यो।




**तस्बिरहरू :**
**क**. पोखरीमा डुबेको अवस्थामा **ख**. पोखरीबाट निकालिएको बेला
**ग-घ**. कार्यालय ल्याउँदा **ङ**. हेयरड्रायर प्रयोग गरी सुकाउँदै
**च**. पूर्ण रूपमा सुकाएर उड्न तयार अवस्थामा

# लाटोकोसेरो संरक्षण परियोजनासँगको मेरो अनुभव



**अनु पौडेल**
**अनुसन्धान तथा संरक्षण अधिकृत**
**प्रकृतिका साथीहरु**

व्हिटलीद्वारा सहयोग प्राप्त परियोजनाका कार्यक्रमहरूमा सहभागी हुँदाको अनुभव अत्यन्तै उपयोगी रह्यो। यसअघि मसँग चराचुरुङ्गी संरक्षणको धेरै अनुभव थिएन। तर, यो विशेष अवसरले मलाई लाटोकोसेरोजस्ता कम ध्यान दिइएका तर अत्यन्तै महत्वपूर्ण प्रजातिको संरक्षणमा प्रत्यक्ष सहभागी हुने मौका दियो।

यस परियोजनामा मेरो एक मुख्य जिम्मेवारी स्थानीयदेखि प्रदेश तहसम्मका सरोकारवालासँग समन्वय गर्नु थियो। नगरपालिका, गाउँपालिका र प्रदेश सरकारका प्रतिनिधिहरूसँग सहकार्य गर्दा मलाई महसुस भयो, वन्यजन्तु संरक्षणमा साझा प्रयासको कति ठूलो भूमिका हुन्छ। नीति निर्माणदेखि जनचेतना विस्तारसम्म, सबै तहका सरकार र समुदायको हातेमालो अत्यावश्यक हुन्छ।

मैले विभिन्न प्रहरी निकाय, विद्यालय र समुदायसँग तालिम तथा चेतना शिविरमार्फत संवाद गर्ने अवसर पनि पाएँ। ती कार्यक्रमहरूमा हामीले लाटोकोसेरोहरू कसरी मुसा नियन्त्रकको रूपमा काम गर्छन् र पारिस्थितिक सन्तुलन कायम राख्न कति आवश्यक छन् भन्नेबारे जानकारी दियौं। विद्यार्थी, शिक्षक, प्रहरी र स्थानीय जनताबाट आएको उत्साहले मलाई झन् हौसला दियो। यसले देखायो कि जब जनचेतना फैलिन्छ, तब संरक्षणप्रतिको जिम्मेवारी पनि फैलिन्छ।

परियोजनाको एक रोचक पक्ष थियो-कास्की र स्याङ्जामा कृत्रिम लाटोकोसेरोको गुँडहरू जडान गर्नु। पाँचवटा गुँडमा  सफलतापूर्वक लाटोकोसेरोहरूले बसोबास गरे, जसले सुरक्षित प्रजननको वातावरण प्रदान गर्‍यो। त्यसबाहेक, छिनेडाँडामा एक घाइते लाटोकोसेरो उद्धार गर्ने क्रममा पनि म सहभागी भएँ, जुन मेरो लागि नयाँ तर गहिरो अनुभूति थियो।

यो अनुभवले मलाई लाटोकोसेरो संरक्षणप्रति मात्र होइन, समग्र जैविक विविधताको महत्त्वप्रति पनि गहिरो बुझाइ दिएको छ। अब लाटोकोसेरो मेरो लागि केवल रातमा कराउने पन्छी मात्र होइन, बरु वातावरणप्रतिको संवेदनशीलताको प्रतीक बनेको छ। प्रकृति संरक्षणको यात्रा लामो छ, तर हरेक सानो कदमले ठूलो परिवर्तन ल्याउन सक्छ भन्ने आत्मविश्वास यस परियोजनाले दिएको छ। मलाई गर्व छ कि म यस महत्त्वपूर्ण अभियानको हिस्सा हुन पाएँ।




समुदायसँग लाटोकोसेरो संरक्षणबारे छलफल पछि सामुहिक तस्बिर खिच्दै

# लाटोकोसेरोका रमाइला जानकारीहरु !

### लाटोकोसेरोले जे खायो, सबै पचाउँछ त?



लाटोकोसेरोले मुसा, सर्प, किरा आदि जनावरहरू खान्छ। तर ती जनावरका हड्डी, कपाल, नङजस्ता भाग उसले पचाउन सक्दैन। त्यसैले केही घण्टापछि उसले ती अपचनीय भागहरूलाई सानो गोटाको रूपमा मुखबाट थुक्दछ। यस गोटालाई 'पेलेट' भनिन्छ, र यो जमिनमा भेटिन्छ।



### सर्पलाई खाँदा लाटोकोसेरोलाई केही हुँदैन, किन?

केहि सर्पमा विष हुन्छ भन्ने सबैलाई थाहा छ, हैन? तर लाटोकोसेरोले सर्पलाई चपाएर होइन, सिधै निलेर खान्छ। सर्पको विष पेटमा गएपछि उल्लुको ग्यास्ट्रिक एसिडले त्यसलाई नोक्सान नगर्ने बनाइदिन्छ। यसैले उसलाई केही असर गर्दैन।

### किन लाटोकोसेरोको कान एउटै ठाउँमा हुँदैन?



हामी सबैको दुवै कान एउटै लाइनमा हुन्छ। तर लाटोकोसेरोको एउटा कान अलिकति माथि र अर्को कान अलिक तल हुन्छ। यसले उसलाई दायाँ–बायाँ अनि तल–माथि दुवै दिशाबाट आएको आवाज थाहा पाउन सजिलो बनाउँछ। त्यसैले उसले अँध्यारोमा पनि सिकार भेट्न सक्छ।

# लाटोकोसेरोका रमाइला कुराहरु !



## लाटोकोसेराले टाउको धेरै घुमाउन सक्छ

हामी टाउको थोरै मात्र घुमाउँछौं, तर लाटोकोसेराले भने २७० डिग्री सम्म टाउको घुमाउन सक्छ। उसको घाँटीमा १४ वटा हड्डी हुन्छन्, त्यसैले ऊ सजिलै दायाँ, बायाँ, पछाडिसम्म हेर्न सक्छ।

## लाटोकोसेरो मासु मात्रै खान्छ

लाटोकोसेरो मासाहारी हो। ऊ मुसा, सर्प, किरा, साना चराहरू खान्छ। उसले फलफूल वा अन्न खाँदैन। सिकार हेरेपछि शान्त तरिकाले उडेर उसलाई समाउँछ र सिधै निल्छ।





## अनुहार किन गोलो हुन्छ?

लाटोकोसेराको अनुहार गोलो हुन्छ। यस गोलो अनुहारले ध्वनि (SOUND) लाई कानतिर फर्काउन मद्दत गर्छ। यसै कारण उसले हल्का आवाज पनि टाढाबाट सुन्न सक्छ।

# गण्डकी प्रदेशमा लाटोकोसेरो संरक्षण परियोजना

गण्डकी प्रदेशमा लाटोकोसेरो संरक्षणका लागि १ वर्षे परियोजना शुरु भएको छ। यो परियोजना व्हिटली फन्ड फर नेचर कन्जर्भेसनको आर्थिक सहयोगमा प्रकृतिका साथीहरूद्वारा सञ्चालन भइरहेको छ। यस परियोजनाले गण्डकी प्रदेशका ११ जिल्लामा कार्य गरिरहेको भए पनि, मुख्यतः कास्की र स्याङ्जा जिल्लामा कार्यक्रमहरू बढी केन्द्रित छन्। यस प्रगति विवरणबाट, परियोजनाका केही क्षेत्रहरूमा राम्रो प्रगति भएपनि केहि क्रियाकलापहरू अझै सम्पन्न हुन बाँकी छन् ।

**हालसम्मको प्रगति विवरण:**

| कार्यक्रमहरू | गर्नुपर्ने लक्ष्य | सम्पन्न भइसकेको |
|---|---|---|
| सरोकारवालाको लागि क्षमता अभिवृद्धि तालिम | ११ तालिम | ११ तालिम |
| लाटोकोसेरो संरक्षण दूत घोषणा, क्षमता अभिवृद्धि | ६ जना | ६ जना |
| विद्यार्थी र सर्वसाधारणको लागि लाटोकोसेरो संरक्षण चेतना शिविर | १०० वटा | १०० वटा |
| चरा मार्नका लागि गुलेली प्रतिबन्ध क्षेत्र घोषणा | ५ वटा | ४ वटा |
| बुढा रुखहरूको संरक्षण | ५०० वटा | ४८० वटा |
| कृत्रिम गुँडको स्थापना | १०० वटा | १०० वटा |



# लाटोकोसेरो बचाए चारधामको पुण्य मिल्छ !



**केशव सापकोटा**
**लाटोकोसेरो संरक्षण दूत**
**हेमजा, कास्की**

दिनभरि घाँस काटेर फर्कंदा शरीर थाकेको थियो। घर पुगेपछि जीवनसाथीले मोही टकारिन्। गिलास भरिको मोही पिएर थकाइ मार्दै थिएँ, मोबाइलको घन्टी बज्यो -टिन्ग्रिंग गर्दै।

मोबाइलमा गोठे लाटोकोसेरोको फोटोसहित म्यासेज आएको रहेछ। उताबाट चिनेका दाइले भने, "चराले दुख दिएको छ, उद्दार गरिदिनुपर्‍यो।" म समय मिलाएर कुरा गर्न थालें। उनलाई भनैं, "लाटोकोसेरो लक्ष्मी देवीकी वाहन हुन्। यिनीहरू घरमा आउँदा लक्ष्मी आउँछिन् भन्ने विश्वास छ। यिनीहरूले सयौं मुसा खाएर हाम्रो अन्नबाली जोगाउँछन्।"

यो कुरा सुनेर उनी झन् उत्साहित भए। अन्त्यमा उनले भने, "ओहो! बाबुलाई त सर्प मात्र होइन, लाटोकोसेरोको पनि राम्रो जानकारी रहेछ!" उनको त्यही वाक्यले मेरो मनमा उर्जा थप्यो।पहिला-पहिला सर्प उद्दारका लागि फोन आइरहन्थ्यो। समयले साथ दिएसम्म म पनि उद्दारमै लागिरहेँ। सबै जना कोभिडका कारण घरभित्र थुनिँदा पनि, म भने प्राणीको सेवा गर्दै दौडिइरहेँ।

अहिलेचाहिँ सर्प मात्र होइन, लाटोकोसेरोका लागि पनि फोन आउन थालेका छन्। कहिले "तिम्रो उल्लुले फोहर गर्‍यो" भन्ने खबर आउँछ, कहिले भने "घरभित्र भूतजस्तो चरा पस्यो" भन्ने। सकेसम्म म पुगिहाल्छु उद्दार गर्न।आजभोलि मेरो दिनचर्या यस्तै छ। परिवारले पनि साथ दिइरहेका छन्। गएको ९ महिनामा मैले ५ वटा गोठे र ३ वटा कोचल लाटोकोसेरोको उद्दार गरी तिनीहरूलाई सुरक्षित वासस्थानमा फर्काएको छु। दुःखको कुरा, यस अवधिमा ४ वटा लाटोकोसेरो मरेका छन्, कहिले तारमा झुन्डिएर, कहिले गाडीमा ठोक्किएर।

यदि हामी सबै मिलेर प्रयास गर्ने हो भने, यस्ता प्रकृतिक साथीहरूलाई बचाउन सकिन्छ। तिनीहरूको लागि सुरक्षित बास बनाउने अभियान हामी सबैको सहयोग बिना सम्भव छैन। आउनुहोस्, लाटोकोसेरोलाई बचाउन हातेमालो गरौं।यिनको रक्षा गर्नु भनेको प्रकृतिलाई जोगाउनु हो, र प्रकृतिलाई जोगाउनु भनेको आफ्नो भविष्य सुरक्षित गर्नु हो।





लाटोकोसेरो संरक्षण दूत केशव सापकोटा लाटोकोसेरो उद्दार गर्दै

# नेपाल लाटोकोसेरो उत्सव, संरक्षण र संस्कृतिको संगम



**राजु आचार्य**
**प्रकृतिका साथीहरु**

नेपालमा रात्रीचर मित्र "लाटोकोसेरो"को संरक्षण र महोत्सवको यात्रा १४ वर्षअघि संयुक्त राज्य अमेरिकाको मिनेसोटा राज्यको ह्युस्टन शहरबाट शुरु भयो। त्यतिबेला नेपालमा लाटोकोसेरो संरक्षणका प्रयासहरू शुरु भएको ३ वर्ष मात्र भएको थियो। आर्थिक स्रोत जुटाउन संघर्ष भइरहेकै बेला मलाई 'स्पेसल अचिभमेन्ट अवार्ड' लिन ह्युस्टन जान आमन्त्रित गरियो।

ह्युस्टनको त्यो सानो सहरमा हजारभन्दा कम जनसंख्या भए तापनि अन्तर्राष्ट्रिय उल्लु महोत्सवका तयारी देख्दा मन रोमाञ्चित भयो। स्थानीय पत्रिकामा मेरो फोटोसहितको रिपोर्टले बाटोमै मानिसहरू मेरो नामले सम्बोधन गरिरहे। घरका पर्खाल , कार्यालय र होटल–रेस्टुराँका कफी, आम्लेट, टोस्टमा समेत लाटोकोसेरो आकृति देखिन्थ्यो। सबै जनाले उत्सव हेर्न टिकट किन्दै आतुर हुँदै थिए। पुरस्कार समारोहको लामो समय सम्म बजेको तालिको गडगडाहट अझै कानमा गुञ्जिन्छ।

नेपाल फर्केर मैले यादव घिमिरेसँग परामर्श गरें। व्यक्तिगत रूपमा भए पनि आर्थिक अभावलाई बेवास्ता गर्दै यो उत्सव नेपालमा पनि शुरु गर्ने निर्णय गरियो। प्रकृतिको साथीहरु संस्थाले साथ दियो । पहिलो वर्ष काठमाडौंबाट धादिङ पुगेको सानो समूहले चित्रकला प्रतियोगिता, भजन र भाषणमार्फत कार्यक्रम सम्पन्न गर्‍यो, जसमा १८० दर्शकको उपस्थिति थियो।

समय सँगै सुधार गर्दै, कोभिड बेला बाहेक नेपालमा यो कार्यक्रम नियमित हुन थाल्यो। अहिले नेपालको ठूलो संरक्षण महोत्सव बनेको छ, जहाँ संस्कृति, संरक्षण र रमाइलो एकैसाथ अनुभव हुन्छ। वार्षिक रूपमा औसत पाँच हजार दर्शक,स्थानीय र बाह्य-समेत् कार्यक्रममा सहभागी हुन्छन्। यस वर्ष करिब सात हजार विद्यार्थी, सरोकारवाला र पाहुना उपस्थित थिए।

उत्सवमा स्वयम्सेवकहरूको उत्साहपूर्ण सहभागिता, स्थानीय नेता र राष्ट्रिय–अन्तर्राष्ट्रिय संरक्षणकर्मीहरूको समर्थनले यसको महत्त्व झनै बढाएको छ। पोर्चुगल, बेलायत, किर्गिस्तान, भारत र अमेरिकाका उल्लुविशेषज्ञहरूले समेत सामाजिक संजाल र संचार माध्यममा यसको चर्चा गर्दछन्।

नेपालमा अझै लाटोकोसेरोलाई अशुभ मान्ने पवृत्ति र स्थानीय मान्छेको नकारात्मक धारणा संरक्षणको सबैभन्दा ठूलो चुनौती हो। बासस्थान विनाश, अवैध शिकार–व्यापार र विषादीको अति प्रयोगले तिनको अस्तित्वलाई खतरामा पारिरहेको छ। तर, उत्सवले नकारात्मक धारणालाई परिवर्तन गर्ने एउटा सशक्त माध्यम प्रस्तुत गरेको छ। जबसम्म संरक्षण चेतनालाई व्यवहारमा उतार्ने हिम्मत गर्दैनौं, उत्सव मात्र पर्याप्त हुँदैन।

तर यो उत्सवले देखाएको छ, जब हजारौं मानिसहरू हातेमालो गर्छन् , प्रकृति प्रति माया जाग्छ। लाटोकोसेरोलाई जोगाउनु भनेको हाम्रो अन्नबाली बचाउनु हो, जैविक सन्तुलन बचाउनु हो र आफ्नो भविष्य सुरक्षित गर्नु हो।आउनुहोस्, हामी सबै मिलेर लाटोकोसेरो संरक्षणको अभियानलाई अझै उँचाइमा पुर्‍याऔं।



लाटोकोसेरो उत्सवका केही तस्वीरहरू
















लाटोकोसेरो उत्सवका केही तस्वीरहरू

# नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव २०२५



आगन्तुकहरू: ७०००



स्थानीय संस्कृति: झिजिया, महराई,
तामांग सेलो, सामा  चखेवा, झरी
झरी, राम–सीता गीत, जटा जटिन




प्रकृति संरक्षण पुरस्कार – ४
स्थानीय संरक्षण पुरस्कार – ३
संस्थागत  सम्मान – १




विद्यालयमा लाटोकोसेरो  संरक्षण चेतना शिविर
(२७ विद्यालयहरू एवं २१४६ विद्यार्थीहरू)



अनुसन्धान पोष्टर प्रस्तुति : १४



अनुहार तथा नङमा लाटोकोसेरो



संस्थागत स्टल : २७



स्थानीय खेल: कुस्ती, गोलागोलि, कबड्डी,
टालपुली , टिटि, गीटिगीटि



संरक्षण सम्बन्धि  गीत र नृत्य।

लाटोकोसेरो संग्रहालय, लाटोकोसेरो कला, स्थानीय भोजन, मिथिला कला, संरक्षण प्रवचन, चरा अवलोकन, संरक्षण नृत्य र नाटक, स्वागत गीत र यस्ता थुप्रै अन्य गतिविधिहरू

## हुकिचिल साँच्चै डर लाग्दो हो त?



आयुष ढुंगाना
लाटोकोसेरो संरक्षण दुत. म्याग्दी

म वन विज्ञानको विद्यार्थी हुँ। तर पनि लाटोकोसेरो र हुचिलका बारेमा मलाई खासै ज्ञान थिएन। सामाजिक पक्ष त झन् सुनेको मात्र थिएँ। गाउँघरमा कथाहरू त सुनिन्थे, तर त्यसमा गहिरिएर सोच्ने बानी थिएन।

जब म 'प्रकृतिका साथीहरू' संस्थासँग "लाटोकोसेरो संरक्षण दूत" को रूपमा आबद्ध भएँ, तब बल्ल यस चरालाई बुझ्ने मौका पाएँ। तथ्य र भ्रम छुट्याउन थालेँ। अनि यसप्रति झनै मोह बढ्दै गयो। यसका धार्मिक, सांस्कृतिक पक्ष र किम्बदन्तीहरू नयाँ र रमाइला लाग्न थाले। अब त गाउँघर जाँदा यस्ता कुरा बुझ्न, सोध्न र टिपोट गर्न रुचि पलाएको छ।

हाम्रो तिर हुचिललाई "हुकिचिल" पनि भनिन्छ। यो पनि लाटोकोसेरोकै प्रजाति हो।

गाउँमा हुकिचिललाई डर लाग्दो चरा मानिन्छ। साँच्चै नै यस्तो हो त? कि हामीले नबुझेर डराएका हौं?

मेरो घर म्याग्दीको अर्थुङ्गेमा पर्छ। त्यहाँबाट झन्डै एक घण्टाको उकालोमा चौर भन्ने गाउँ छ। सानैदेखि त्यो गाउँमा आउने जाने गर्थे । त्यही गाउँमा मैले हुकिचिल (लाटोकोसेरो) का अनेक कथाहरू सुनेको छु।



गाउँलेहरू भन्छन्, हुकिचिलको पखेटा ठूलो हुन्छ, यो रातिमा मात्रै देखिन्छ, र प्रायः गाउँपारिको पिपलको चौतारीमा बसेको पाइन्छ। यसले राति–राति उड्छ र कहिलेकाहीं बच्चा टिपेर लैजान्छ भन्ने विश्वास छ।

सानो छँदा जब खाना खान मान्दिनथ्यौं वा झगडा गथ्र्यौं, आमाबुबाले "हुकिचिलले लैजान्छ!" भनेर डर देखाउनुहुन्थ्यो। कहिले हाँसो लाग्थ्यो, कहिले मनमनै डर पनि।

गाउँलेहरू भन्छन्, हुकिचिलको आवाज डर लाग्दो हुन्छ,गाउँ थर्किने किसिमको। नङ्ग्रा लामो हुन्छन्, र रातको सन्नाटामा एक्कासि देखिँदा झसंग बनाउँछ। अर्को विश्वास छ, यदि हुकिचिल घरको धुरीमा आएर बस्यो भने अशुभ मानिन्छ। त्यसपछि घरमा पूजा गर्नुपर्छ भन्ने चलन छ। पुराना समयमा कतिपयले यस्तो पूजा गरेका पनि रहेछन्।

यी सबै कुरा मैले चौर गाउँमा सुनेको हुँ । हुकिचिल साँच्चै डरलाग्दो प्राणी हो या केवल लोककथामा ? तर, चौर गाउँमा यसको उपस्थितिको अनुभूति अझै बाँकी छ।





# अध्यारोमा बाँच्ने उज्यालो

यो कविता **AI** द्वारा रचना गरिएको हो)

अध्यारो आकाश, मौनता छाएको,
रातको छायाँमा, उज्यालो हराएको।
चुपचाप उड्दछ, पखेटा फैलाएर,
उल्लु आउँछ, रहस्य समेटेर।
न त ऊ शत्रु, न विनाशको स्वर,
रातको राजा, शान्तिको उपहार।
उसको दृष्टिमा छ, तीखो ज्ञानको ज्योति,
सन्तुलन राख्न, ऊ प्रकृतिको चोटी।
जङ्गलको संरक्षक, मुसा–कीरा खान्छ,
कृषकको साथी, खेत बचाउँछ।
शिकार उसको स्वभाव, तर लयमा छ जीवन,
पारिस्थितिक सन्तुलनमा उसकै योगदान।
तर हामीले उसलाई, भयको रूप दिँयौं,
अन्धविश्वासले अनावश्यक श्राप थोप-यौं।
कहिले अशुभ चिन्ह, कहिले दुर्भाग्यको नाम,
तर साँचो त के हो,ऊ प्रकृतिको काम।
अब बुझौं हामी, उसको मूल्य ठुलो,
उसको संरक्षणमा, हाम्रो भविष्य खुलो।
रातको नायक, ज्ञानको प्रतीक,
उल्लु, सृष्टिको अनमोल संगीत।



# अन्य खबरहरु

प्रत्येक वर्ष मार्च महिनाको पहिलो साता अमेरिकाको ह्युस्टन शहरमा मनाइने लाटोकोसेरो महोत्सवमा यसपालि नेपालबाट 'प्रकृतिका साथीहरू' का निर्देशक राजु आचार्य सहभागी भएका थिए। उनले नेपालमा मनाइने लाटोकोसेरो उत्सवबारे प्रस्तुति पनि दिएका थिए। उक्त अवसरमा आर्थिक स्रोत जुटाउनका लागि तयार पारिएका सामग्रीहरूको बिक्रीको व्यवस्था अन्तर्राष्ट्रिय लाटोकोसेरो केन्द्रले गरेको थियो। यही उत्सवको प्रेरणाबाट नेपालमा पनि लाटोकोसेरो उत्सव आयोजना हुँदै आएको छ।





कास्की जिल्लाका दुई विद्यालय , हेम्जा बोर्डिङ स्कुल र गौरीशंकर माध्यमिक विद्यालयमा लाटोकोसेरो संरक्षणमा योगदान पुर्‍याउने उद्देश्यले लाटोकोसेरो संरक्षण क्लबहरू गठन गरिएको छ। क्लब गठन अघि विद्यार्थीहरूलाई संरक्षणसम्बन्धी एकदिने तालिम प्रदान गरिएको थियो। साथै, क्लब सञ्चालनका लागि आवश्यक स्टेशनरी सामग्रीहरू समेत उपलब्ध गराइएको छ।

यी क्लबहरूले लाटोकोसेरो संरक्षण मात्र नभई समग्र वातावरण र प्रकृति संरक्षणमा समेत सक्रिय भूमिका खेल्ने लक्ष्य लिइएको छ। क्लबहरूको गठन 'प्रकृतिका साथीहरू' संस्थाको समन्वयमा गरिएको हो।

# अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सव तस्बिरमा

तस्बिरहरू : राजु आचार्य












ENGLISH 9
Prints $30
Prints $25
Prints
Prints $15




WFN
SPOTTED OWL

# क्यामेरा ट्र्यापमा देखिएको 'मलाहा हुचिल'





**ज्योति शर्मा**
**लाटोकोसेरो संरक्षण दुत**

स्नातक तहको थेसिस अनुसन्धानको क्रममा म बर्दिया राष्ट्रिय निकुञ्ज पुगेकी थिएँ। त्यस क्रममा, राष्ट्रिय प्रकृति संरक्षण कोष–बर्दिया संरक्षण कार्यक्रमसँग समन्वय गर्दै थेसिसको कार्य गरिरहेकी थिएँ। यही क्रममा, बाँके राष्ट्रिय निकुञ्जमा बाघ, गैंडा, हात्ती जस्ता ठूला वन्यजन्तुहरूका लागि राखिएका क्यामेरा ट्र्यापका तस्बिरहरू हेर्ने अवसर मिल्यो।

तस्बिरहरू अध्ययन गर्दै गर्दा मेरो ध्यान अचानक एउटा चराको तस्बिरमा केन्द्रित भयो, त्यो मलाहा हुचिलको तस्बिर थियो। बाँके राष्ट्रिय निकुञ्जमा यस प्रजातिको अहिलेसम्म आधिकारिक अभिलेख नभएकाले, यो तस्बिरले त्यहाँको बासस्थानमा मलाहा हुचिलको उपस्थितिको प्रमाण दिन्छ। यसले भविष्यमा लाटोकोसेरो सम्बन्धी अनुसन्धान र संरक्षण प्रयासमा सन्दर्भ सामग्रीका रूपमा उपयोग हुन सक्छ। यो मेरो लागि निकै रोमाञ्चक र गर्वको क्षण थियो।

मलाहा हुचिल नेपालमा पाइने रैथाने लाटोकोसेरो प्रजाति हो, जुन समुद्री सतहदेखि ७५ मिटरदेखि १५२५ मिटर उचाइसम्म देखिन्छ। यो विशेषगरी पानी स्रोतको नजिकको जंगल र रुखले ढाकिएको क्षेत्रमा बसोबास गर्छ। यसको माथिल्लो भाग धमिलो खैरो रंगको हुन्छ, र टाउको, पिठ्युँ र काँधमा मसिना ठाडा धर्का देखिन्छन्। यिनीहरू सामान्यतः जोडीमा देखिन्छन्।

# लाटोकोसेरो संरक्षणमा मेरो सृजनात्मक यात्रा




**दिपा गुरुङ**
**लाटोकोसेरो संरक्षण दूत, स्यांग्जा**

मैले संरक्षणलाई केवल तथ्यांक वा वैज्ञानिक अनुसन्धानको विषयका रूपमा कहिल्यै सीमित गरिनँ। म चाहन्थेँ कि यो एउटा भावनात्मक र सृजनात्मक यात्रा बनोस्, जसमा म कला र सिर्जनशीलता मार्फत प्रकृतिप्रतिको प्रेम र जिम्मेवारीलाई व्यक्त गर्न सकूँ।

विशेषगरी लाटोकोसेरो (उल्लु) जस्ता अनौठा र रहस्यमयी चराप्रति मेरो सानैदेखि आकर्षण रह्यो। यसको ठूला आँखा, गम्भीर दृष्टि र स्तब्ध बनाउने उपस्थिति, यिनै विशेषताहरूले मलाई बारम्बार तानिरहन्थे।

मैले विभिन्न माध्यमहरू प्रयोग गरेर लाटोकोसेरोको संरक्षण सन्देश समाजमा फैलाउने प्रयास गरेकी छु। कहिलेकाहीँ पुराना ढुंगामा चित्र बनाउँथेँ, त कहिले प्रयोगमा आएका फ्लेक्स ब्यानरहरू पुनःप्रयोग गरेर आकृति कोर्थेँ। एक पटक त जूटको धागोबाट लाटोकोसेरो बनाउँदा मभित्र संरक्षणप्रतिको गहिरो सम्मान र जिम्मेवारीको अनुभूति भएको थियो।

म चाहन्थेँ, यो सन्देश किताबभित्र मात्र सीमित नहोस्। त्यसैले आफ्ना यी कलाकृति मैले विभिन्न प्रदर्शनी र संरक्षण कार्यक्रमहरूमा प्रस्तुत गरेँ। दर्शक र विद्यार्थीहरूले चित्रमा मात्र होइन, चित्रले व्यक्त गर्ने उद्देश्यमा पनि चासो देखाउन थाले। कतिपयले चित्रमा प्रयोग गरिएका पुनःप्रयुक्त सामग्रीबाट पर्यावरणीय चेतना पनि महसुस गरेको बताए। लाटोकोसेरो चित्रण गर्दा म यसको बानी–व्यवहार, पर्यावरणीय भूमिका, र संरक्षण चुनौतीहरू झल्काउने प्रयास गर्छु। हरेक रेखा, हरेक रंगले यसको अस्तित्वको सुन्दरता मात्र होइन, यसको संकटमा परेको वास्तविकतालाई पनि बोलोस् भन्ने चाहना राख्छु।

कला मार्फत संरक्षणको सन्देश समाजमा पुर्‍याउनु मेरो लागि विशेष अर्थ राख्छ। लाटोकोसेरोको चित्रण मेरो लागि केवल सौन्दर्य प्रदर्शन होइन, प्रकृतिप्रतिको गहिरो सम्मान र संरक्षणको अपिल हो। यदि मेरो प्रयासले केही मानिसको चेतना र चासो जागृत गर्न सक्छ भने, त्यो नै मेरो सबैभन्दा ठूलो उपलब्धि हुनेछ।

# कृषकको हतियार, लाटोकोसेराको काल



सुदर्शन पराजुली
लाटोकोसेरो संरक्षण दूत, कास्की

माध्यामिक विषाक्तता (SECONDARY POISONING) भन्नाले त्यो अवस्थालाई जनाउँछ, जब कुनै जनावरले विष खाएर मरेको वा प्रभावित भएको अर्को जनावरलाई खाँदा त्यसले पनि विषको असर बेहोर्नुपर्छ।

उदाहरणका लागि, मुसालाई मार्न वा नियन्त्रण गर्न राखिएको विष खाएर मुसा मर्छ वा प्रभावित हुन्छ। त्यसपछि त्यो मुसा लाटोकोसेरोले खाँदा, मुसाको शरीरमा बाँकी रहेको विष लाटोकोसेरोको शरीरमा जान्छ। विष खासगरी मांसपेशी र कलेजो जस्ता संवेदनशील अंगमा जम्मा हुँदै जान्छ। धेरै पटक यस्तो विषयुक्त मुसा खाँदा अन्ततः लाटोकोसेरो बिरामी हुन्छ वा मर्छ।

मुसा नियन्त्रण गर्न विषादीको प्रयोग कृषि क्षेत्रमा सामान्य भए तापनि, यसले लाटोकोसेरो जस्ता लाभदायक जनावरलाई पनि असर गर्ने गर्दछ। केही देशहरूले यो समस्यालाई मध्यनजर गर्दै विषादीको प्रयोगमा कडाइ गरेका छन्, वैकल्पिक विधिहरू (जस्तै पासो थाप्ने, लाटोकोसेरोको वासस्थान बनाउने) अपनाएका छन्। तर नेपालमा भने चेतना अझै कम छ।

प्रायः विष खाएर मरेका मुसा मानिसले भेट्दैनन्, किनभने ती कतै टाढा गएर मर्छन्। त्यसैले लाटोकोसेरो वा अन्य सिकार गर्ने जनावरहरू अनायासै माध्यामिक विषाक्तताको सिकार हुन्छन्। अझ कतिपय अवस्थामा मानिसले मरेको मुसालाई उचित रूपमा नष्ट नगरी खोलामा बगाउने वा बाहिर फाल्ने गर्छन्, जसले जोखिम झनै बढाउँछ।सन् २०२४ मा प्रकाशित एक शोध अनुसार, पोखरा क्षेत्रमा दुई प्रमुख किसिमका विषादी पाइएको छ:

- ब्रोमाडियोलोन ०.००५% (BROMADIOLONE): स्नायुविष हो, जसले शरीरभित्रको रगत जमाउने प्रक्रियामा असर गर्छ।

जिङ्क फोस्फाइड ८०% (ZINC PHOSPHIDE): पेटको अम्लसँग प्रतिक्रिया गरी विषालु ग्याँस बनाउँछ।

गम्भीर कुरा के हो भने, मरेको मुसाको शरीरमा ब्रोमाडियोलोन लामो समयसम्म रहन्छ, तर जिङ्क फोस्फाइड चाँडै नष्ट हुन्छ। त्यसैले सम्भव भएसम्म जिङ्क फोस्फाइड प्रयोग गर्दा माध्यामिक विषाक्तताको जोखिम कम हुन सक्छ।

लाटोकोसेरोले वर्षमा हजारौं मुसा खान सक्छ, त्यसैले यदि ती मुसा विषादीयुक्त छन् भने लाटोकोसेरोको जीवन नै संकटमा पर्छ। सन् २०२२ मा प्रकाशित एक अध्ययन अनुसार, पोखराको पचभैया वन्यजन्तु उद्दार केन्द्रमा ल्याइएका धेरै लाटोकोसेरो माध्यामिक विषाक्तताको सिकार भएका थिए।

यदि उपभोक्ताहरूले विषादीको प्रयोगमा संयमता नअपनाउने हो भने, लाटोकोसेरोजस्ता फाइदाजनक जनावरहरूको जीवन संकटमा पर्छ, जसले जैविक सन्तुलनमा ठूलो असर पार्न सक्छ। त्यसैले बिषको साटो पासो थाप्ने, बिराला पाल्ने, झोल मल प्रयोग गर्ने, र लाटोकोसेरोमैत्री खेती प्रणाली अपनाउने समय आएको छ।





**प्रकृतिका साथीहरु**को चौमासिक प्रकाशन हाप्सिलो

**अवधारणा :** राजु आचार्य र यादव घिमिरे

**सम्पादक :** राजु आचार्य


लेख, रचना तथा सम्पर्कका लागि

friendsofnature2005@gmail.com